# कर्जन्हा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा
प्रदेश नं. २, नेपाल

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०७७/०१/२७ गते**

यस नगरपालिकालाई देहायका सेवाहरु प्रतिस्पर्धाको आधारमा सेवा करार लिनुपर्ने भएकोले इच्छुक व्यक्तिहरु देहायका शर्तको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आफूले प्रदान गर्ने सेवा वा पदको दरखास्त लोकसेवा आयोगको फारामको ढाँचा बमोजिम पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**१.(क) पद :** अ.न.मि., संख्या २ (दुई) जना।
**(ख) पद :** हेभि सवारी चालक, संख्या २ (दुई) जना।
(एक जना ट्र्याक्टरको लागि र एक जना ब्याक हो लोडर र मिनि ग्रेडरको लागि।
**(ग). पद :** का.स, संख्या ७ (सात) जना।
**(घ) पद :** नगर प्रहरी, संख्या ८(आठ) जना।

**२. शैक्षिक योग्यता :**
**(क) पद :** अ.न.मि.को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि.कोर्ष वा सो सरह उतिर्ण गरेको तथा SBI तालिम लिएंको।
**(ख) पद :** हेभी सवारी चालकको लागि ट्र्याक्टर तथा ब्याक हो लोडर र मिनि ग्रेडर चलाउन नेपालबाट अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने।
**(ग) पद :** का.स. (कम्तिमा आठ कक्षा उत्तिर्ण गरेको हुनुपर्छ।)

**३. आवेदन दिने अन्तिम मिति :** २०७७।०२।१०

**४. माथि उल्लेखित पदको कार्य शर्तको विवरण (TOR) :** नगरपालिकाले तोके बमोजिम हुनेछ।

**५. संलग्न गर्नुपर्ने कागजातहरु :** ब्यक्तिगत बिबरण (Bio-Data), नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, अनुभवको प्रमाणपत्रहरु, हेभी सवारी चालकको हकमा सवारी चालक अनुमति पत्रको छाया कपि समेत नोटरी क्लबबाट प्रमाणित गरि पेश गर्नु पर्ने।

**६. उमेरको हद :** पुरुषको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

**७. आवेदन दिने तरिका :** बुदा न.५ मा उल्लेख भएका कागजातहरु एवं बुदा नं. ८ मा तोकिएको शुल्क **राष्ट्रिय बाणिज्य बैंक सिरहा** स्थित यस कार्यालयको नाममा रहेको स्थानीय तह संचित **कोष खाता न. (२१३०३०४०१८१०४)** मा जम्मा गरेको भौचर वा यस कार्यालयको राजस्व शाखामा नगदी बुझाई सो को नगदी रसिद संलग्न राखी उपस्थित भई लोक सेवा आयोगको दरखास्त फाराम ढांचामा आवेदन दिने। म्याद नाघी पेश भएको निबेदन माथि कार्यबाही हुने छैन।

**८. आवेदन शुल्क :** अनमी पदको लागि रु.३००।-, नगर प्रहरी पदको लागि रु.२५०।-, हेवी सवारी चालक पदको लागि रु.२५०।- र का.स.पदको लागि रु.२००।-

**९. उम्मेदवार छनौटका आधारहरु :** छोटो सूची तयार पारी देहाय बमोजिम हुनेछन्.
क्र.स.१ को (क), (ख), (ग) र (घ) को हकमा मौखिक अन्तरबार्ता हुने।

**१०. पारिश्रमिक :** करार सम्झौता अनुसार हुने।

**११. करार अवधि :** २०७७ असार मसान्तसम्म वा स्थायी कर्मचारी पदपूर्ति भई आएमा स्वतः करार अवधि भई हुने।

**१२. थप जानकारीका लागि** सम्पर्क नं. ९८५२८३७७१११ सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनोट तथा सिफारिश समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner